उच्च अदालत पाटन

प्रेस विज्ञप्ति

मितिः २०७७/०७/२५

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/०७ एवं बन्दाबन्दीको आदेश जारी भएपछि यस अदालतको विभिन्न मितिमा भएको निर्णय बमोजिम काम कारवाही र सेवा प्रवाह हुँदै आएकोमा नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयले बन्दाबन्दी अन्त्य भएपछि यस अदालतको कामकारवाही र सेवाप्रवाहको सम्बन्धमा मिति २०७७/०६/१२ मा प्रकाशित विज्ञप्तिसमेत सबैमा विदितै छ।

उल्लिखित परिप्रेक्ष्यमा यस अदालतका माननीय मुख्य न्यायाधीशज्यू, न्यायाधीशज्यूहरु, रजिष्ट्रार, कर्मचारीहरु एवं उच्च अदालत बार एसोसियसन, पाटनका अध्यक्ष समेतका सरोकारवालाहरुसँगको छलफलबाट प्राप्त सुझाव समेतलाई मध्यनजर गरी भिडभाड नहुने गरी संक्रमणको जोखिम न्यूनीकरण गर्न निर्धारित स्वास्थ्य सुरक्षा सम्वन्धि मापदण्डको पालना गर्दै यस पुर्व प्रवाह गरिदै आएका सेवाहरुलाई निरन्तरता दिई देहाय बमोजिम गर्ने गरी ब्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>देहायः</u>

- मिति २०७७/०७/२८ सम्म यस अघिको मितिमा भएका सूचना बमोजिम पुनरावेदन तथा रिट लगायतका निवेदनहरुको दर्ता तथा रिट निवेदनहरुको प्रारम्भिक सुनुवाई तथा अन्तरिम आदेशको छलफल, बन्दीप्रत्यक्षीकरण निवेदनको सुनुवाई, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ बमोजिमका निवेदन तथा सो उपर प्राप्त प्रतिवेदनहरुको सुनुवाई गर्ने।
- मिति २०७७/०८/०२ देखि व्यवस्थापनको सहजता, सम्भाव्यता र कोरोना भाईरस संक्रमणको स्थितिलाई मध्यनजर गरी उपयुक्त देखिएको संख्यामा पेशी व्यवस्थापन गरी सबै प्रकारका मुद्दा, रिट, निवेदन/प्रतिवेदनहरुको नियमित सुनुवाई हुने।
- इजलासमा सुनुवाईको लागि पेश हुने मुद्दा, रिट तथा निवेदनलगातयका विषयहरुमा पक्ष/विपक्षको तर्फबाट सकभर २/२ जना सम्म कानूनव्यवसायी मात्र उपस्थित भई समय एवं आलोपालो मिलाई

बहस पैरवी ब्यवस्थापन गर्ने तथा कानून व्यवसायीको तर्फबाट सुनुवाई प्रारम्भ हुनु अगावै पनि बहसनोट पेश गर्न सकिने गरी व्यवस्था मिलाउने।

- इजलासमा उपस्थित हुने सम्वन्धित मुद्दाका पक्ष, कानून व्यवसायी सबैले भौतिक दुरी कायम गरी सेवा लिने, अनिवार्य रुपमा माक्स लगाउने र सम्भव भएसम्म Face shield समेत लगाउने।
- इजलास समक्ष सुनुवाईका लागि पेश भएका मुद्दाहरु स्थगित गर्नु परेमा इजलास बस्न अगावै Online मार्फत पनि निवेदन दिई स्थगित गर्ने व्यवस्था मिलाउने।
- प्रत्येक इजलासमा सुनुवाई सम्पन्न भएको, सुनुवाई भैरहेको र सो पछि सुनुवाई हुने क्रममा रहेको अवस्था (Status) तत्काल जनाउने साथै इजलासमा मुद्दा सुनुवाईको बारेमा माइकबाट समय-समयमा सेवाग्राही एवं कानूनव्यवसायीको जानकारीको लागि प्रशारणको व्यवस्था गरिनुका साथै मुद्दाको सुनुवाई ब्यवस्थापनका लागि यथाशीघ्र टोकन प्रणालीको समेत प्रवन्ध मिलाउने।
- पुनरावेदन दर्ता शाखा, रिट शाखा एवं मुद्दा फाँटहरुबाट प्रवाह हुने सेवाको लागि हाल प्रयोगमा रहेको झ्याल एवं निश्चित स्थानबाट दुरी कायम गरी प्रदान गरिएको सेवालाई निरन्तरता दिने।
- यस अघि प्रकाशित सूचनामा उल्लेख भए बमोजिम अदालत प्रवेश द्वारमा मुद्दाका पक्ष वा मुद्दा दर्ता गर्न वा तारिख वा पेशीमा आउने सम्बन्धित व्यक्तिहरुलाई मात्र स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गरी प्रवेश अनुमती दिने व्यवस्था मिलाइने।

शम्भुप्रसाद रेग्मी
उप-रजिष्ट्रार/प्रवक्ता